जि.प्र.का. सप्तरी द.नं. ११/०४८/०४९ स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष २९ अंक २१६ २०७७ साल असार ५ गते शुक्रबार (19 June 2020 Friday) मूल्य रु. ५/-

**Log on : *rajbirajdainik.com.np***

*यस अंक भित्र :* २ पृष्ठमा : धर्तीपुत्रका भावनाबाट... ३ पृष्ठमा : कालापानीबाट सैनिक ... ३ पृष्ठमा :कोरोना भाइरसबाट विश्वमा ४ लाख..

**२०७५ साल भदौ १ गते देखि लागू भएको अपराध संहितामा रहेका मुख्य व्यवस्थाहरु:**

- नेपालको अन्तराष्ट्रिय सीमा अतिक्रमण गरेमा, सीमास्तम्भ हटाएमा वा ठाउँ परिवर्तन गरेमा पाँच वर्षसम्म कैद र पचार हजार रुपैयाँ सम्म जरिवाना हुने,
- नेपालको प्रतिनिधित्व गरी खेल खल्ने खेलाडीले खेलमा मिलेमतो (Match Fixing) गरेमा तीन वर्षसम्म कैद र तीस हजार रुपैयाँसम्म जरिवाना हुने,
- नेपाल विरुद्ध जासूसी गर्नेलाई पच्चीस वर्षसम्म कैद हुने,
- राष्ट्रिय गान, झण्डा वा निसान छापको अपमान वा क्षति गर्नेलाई तीन वर्षसम्म कैद वा तीस हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुने,
- राष्ट्रिय विभूतिको अपमान गर्नेलाई छ महिनासम्म कैद वा पाँच हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुने ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

# थप एक लाख दाइजो तिर्न नसक्दा हत्या : माइती पक्ष

## पोष्टमार्टम रिपोर्ट पर्खौं : प्रहरी



मृतकका दाजु फिरोज र भाई मोहिद घटना बारे जानकारी दिँदै । *तस्बिर : राजविराज दैनिक*

**दैनिक समाचारदाता**
**राजविराज, ४ असार ।**

सप्तरीको खडक नगरपालिका ७ कल्याणपुरकी २३ वर्षिया नविला खातुनको हत्या भएको माइती पक्षले दावी गर्दै घट्नाको उच्चस्तरिय छानवीनको मागँ गरेका छन् ।

ससुराली पक्षले नविलाले आत्महत्या गरेको बताईरहदा माइती पक्षले भने परिवारबाटै हत्या भएको आरोप लगाउँदै घट्नाको सुक्ष्म अनुसन्धान र उच्चस्तरिय छानवीनको मागँ गरेको हो ।

सप्तरीको छिन्नमस्ता गाउँपालिका माइती रहेको मृतक नविलाको गत जेठ २४ गते मृत्यु भएको थियो । न्याय खोज्दै राजविराज आईपुगेका मृतकका दाजु फिरोज र भाई मोहिदले मृत्युको प्रकृति र घट्नाको अवस्थाले आत्महत्या नभई हत्या नै भएको दावी गरे ।

मृतकका दाजु फिरोजले २ वर्ष अघि भएको बहिनीको विवाहमा कबोल गरेको ३ लाख दाईजो रकम मध्ये २ लाख रुपैया बुझाई सकिएको र बाँकि १ लाख रुपैयाका लागी सासु मिनाले पटक पटक फोन मार्फत ताकेदा गर्ने गरेको सुनाए । बहिनी नविला पनि भेट्न आउँदा दाईजोको बाँकि रकमका लागी सासुले निकै तनाव दिन थालेको सुनाउँदै ऋण काढेर भएपनि सो रकमको व्यवस्था गरी दिन पटक पटक आफुलाई बताएको दाजु फिरोजको भनाई छ । *बाँकी अन्तिम पृष्ठमा*

# नेपालमा ७ हजार ८ सय ४८ कोरोना संक्रमित

**दैनिक समाचारदाता**
**राजविराज, ४ असार ।**

पछिल्लो २४ घण्टामा नेपालमा थप ६ सय ७१ जनामा कोरोना भाइरसको संक्रमण पुष्टि भएको छ । यससँगै संक्रमितको संख्या नेपालमा ७ हजार ८ सय ४८ पुगेको छ ।

उनीहरु मध्ये २२ जनाको मृत्यु भएको छ भने १ हजार १ सय ८६ जना डिस्चार्ज भएका छन् । *बाँकी अन्तिम पृष्ठमा*

**नेपालको संविधान तथा फौजदारी अपराध (संहिता) ऐन लगायत विद्यमान कानुनहरुले व्यक्ति, समुदाय, राज्य, लिंग, जाति, भाषा, धर्म, क्षेत्रको भावनामा आघात पुऱ्याउने गरी कुनै पनि प्रकारको भाषा, साहित्य, लेख, रचना, गीत, चलचित्र, भिडियो निर्माण, प्रकाशन तथा प्रशारण गर्नुलाई फौजदारी कसुर ठहर्ने हुँदा जान अन्जानमा त्यस्ता कसुर नगरौं/नगराऔं ।**

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

**नोवेल कोरोना भाइरस (COVID-19) सामान्य रुघाखोकी भन्दा जटिल सङ्क्रमण हो, हालसम्म यसको उपचारको लागि औषधी पत्ता नलागेकोले यसबाट सतर्क हुनु नै उत्तम उपाय हो ।**

**यसबाट बच्ने उत्तम उपायहरु:**

- कुनै व्यक्ति, वस्तु वा सामान छुनु पहिले र पछि साबुन पानीले राम्रोसँग हात धुने,
- अनावश्यकरुपमा घर बाहिर र भिडभाडमा नजाने,
- खोक्दा र हाच्छयुँ गर्दा नाक र मुख कुहिनोले छोप्ने,
- कुनै पनि व्यक्तिसँग तीन फिटको दुरी कायम गर्ने,
- जंगली तथा घरपालुवा पशुपन्छीसँगको असुरक्षित सम्पर्कबाट टाढा बस्ने,
- सकेसम्म पशुजन्य मासु नखाने,
- ज्वरो, रुघा र खोकी तथा स्वासप्रस्वासमा समस्या आएमा चिकित्सकसँग परामर्श लिने,
- कसैले गलत सूचना प्रवाह गरेको तथा अत्यावश्यकीय वस्तु जम्माखोरी, कालोबजारी तथा लुकाइराखेको थाहा भएमा ११३७ मा सम्पर्क गरी जानकारी गराउने,

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

# नेपालमा कोरोनाबाट २/३ जनाको मात्र ज्यान गएको छ : प्रधानमन्त्री ओली

**दैनिक समाचारदाता**
**काठमाडौं, ४ असार ।**

प्रधानमन्त्री केपी शर्मा ओलीले नेपालमा कोरोनाबाट २/३ जनाको मात्र मृत्यु भएको बताएका छन् ।



राष्ट्रियसभा बैठकमा बिहीबार सम्बोधन गर्दै उनले विश्व स्वास्थ्य संगठनको निर्देशन मान्नु परेकाले अहिलेसम्म मृत्यु भएका २० जनाको कोरोनाकै कारण मृत्यु नभएको दाबी समेत गरे ।

प्रधानमन्त्री ओलीले उपचार विधि र नेपालीहरूको प्रतिरोधात्मक क्षमताका कारण निधन हुनेको संख्या धैरै कम रहेको दावी गरे ।

कोरोनाबाटै मृत्यु भएको दुई तीन वटा केस हुनसक्छ । बाँकीको भने अन्य कारणले मृत्यु भएको हो तर, पछि कोरोनाले छोएको अवस्था हो, उनले भने ।

उनले विश्वको धेरै देशको तुलनमा नेपालमा कोरोनाबाट हुने मृत्युदर निकै कम रहेको समेत बताए । प्रति १० लाखमा मृत्युदर ०.७ प्रतिशत रहेको र यो संसारको धेरै देशको भन्दा एकदम न्यून रहेको बताए ।

नोभल कोरोना भाईरस (COVID-19) रोगको संक्रमणबाट बच्न अत्यावश्यक काम बाहेक सीमावर्ती क्षेत्रमा आवतजावत नगर्नु हुन सम्पूर्ण नेपाली नागरिकहरुलाई सूचित गरिन्छ ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनुका साथै स्वदेश भित्र जुनसुकै ठाउँमा रकम पठाउनका लागि सम्झनुहोस् । हाम्रो सेवाहरु →

**जनज्योति कृषि सहकारी संस्था लि.**
राजविराज ९, मलेठ, सप्तरी
मोबाइल नं. ९८०१५४९६०१, ६०२, ६०३, ६०४

ipay remit | WESTERN UNION MONEY TRANSFER | Prabhu Money Transfer | IME International Money Express | himal remit हिमालरेमिट | CG Money | Best Remit | City Express | IME pay | MoneyGram money transfer

## सम्पादकीय ....

# महामारीप्रति संवेदनशिल होऔं

अहिले नेपालमा कोरोना संक्रमितको संख्या दिनहुँ बढ्दै गएको छ। कोरोना भाइरसबाट जोगिन सरकारले गरेको तीन महिनाको लकडाउनको अवधीमा संक्रमितको संख्या बृद्धि नहुनु र लकडाउन खुकुलो गर्नासाथ संक्रमितको संख्यामा बृद्धि हुँदै गएको छ। यसरी अहिले नेपालमा संक्रमितको संख्या थपिदै जाँदा जोखिम न्युन हुनुको साटो झनै जटिल बन्दै गएको छ। मुलुकको सातै प्रदेशमा कोरोना परिक्षणका लागि पिसिआर मेसिन जडान गरिएपनि कतिपयै स्थानमा सो मेसिनबाट हुने परिक्षण भरपर्दो भएको देखिन्न्। जसकाराण दक्ष जनशक्तिको अभाव र मेसिनको विश्वसनियतामाथी अहिले प्रश्न चिन्ह समेत खडा भएको छ।

हाल नेपालमा कोरोना संक्रमणबाट निको हुनेको संख्या करिब २० प्रतिशत भन्दा पनि कम रहेको छ भने मृत्यु हुनेको संख्या २२ पुगेको छ। यस संक्रमणबाट विश्व नै त्रसित रहेको बेला नेपाल पनि अछुतो छैन्। नेपाल जस्तो गरिब मुलुकमा यस महामारीबाट बच्ने एक मात्र उत्तम उपाय सामाजिक दुरी र आफू सर्तक भएर बस्नु नै हो। तर पनि लकडाउन खुकुलो भएपछि सामाजिक दुरीको वेवास्ता गर्दै मानिसहरुको चहलपहल पुनः पुरानै शैलीमा हुँदै गएको छ। यसले रोगलाई बढावा दिने संकेत देखिएको छ।

तसर्थ कोरोना जस्तो महामारीलाई न्युनिकरण गरि जनतालाई राहत दिने कामप्रति नेपाल सरकारले अविलम्ब संवेदनशिल भई वैकल्पि बाटो अपनाउनु आवश्यक छ भने जनता पनि यस महामारीसँग लुकाछिपि नगरि गम्भिरतापूवर्क लिनु आवश्यक छ।

पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं।
होमियोप्याथिक रिसर्च इन्स्टिच्युट
डा. सुशील मोहन दास
(बी.एच.एम.एस)
सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. दिनेश उप्रेती
Dr. Dinesh Upreti
MBBS, MD Internal Medicine (BPKIHS, Dharan), NMC Reg. No. : 13141
कन्सलटेन्ट फिजिसियन
गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. पारसमणि शाह
Dr. Parasmani Shah
MBBS (BPKIHS), MD (BPKIHS, Dharan)
NMC Reg. No. : 13297
दुखाई विशेषज्ञ
Anaesthesiology & Critical Care Medicine
गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# धर्तीपुत्रका भावनाबाट उत्पन्न भएका बेदनाहरु



**अमरनाथ मण्डल**

नेपाल कृषि प्रधान देश हो भन्ने कुरा साना नानीहरु किताबको हरफबाट पढ्ने गर्छन्। नेपाल कृषिमा नै निर्भर रहेको राजनीतिककर्मीहरुले एकहोरो भाषणबाजी गर्दै प्रधानमन्त्री भन्छन हाम्रो देश कृषिमा निर्भर छ। कोही भोको बस्दैन, कोही भोको रहँदैन र भोकले मर्दैन। अर्थविद भन्छ, हाम्रो मेरुदण्ड अर्थतन्त्रको कृषि नै रहेको छ। तर कृषकको बेदना र भावना आफ्नै ठाउँमा रहेको छ। धर्तीपुत्रहरु धर्तीलाई चिरी अन्यको भन्दा उत्पादन गर्छ। आश्चर्यको कुरा त्यही कृषक धर्तीपुत्र अनेकौं सरकारी नीतिको मारमा परी बेदना खेपीरहेको छ।

नेपाल वास्तविकताका रुपमा कृषिको लागि भौगोलिक दृष्टिकोणमा आधारको केन्द्रविन्दु रहेको छ। नेपालका तराई तथा मधेश भु-भागमा लाखौं हेक्टर जग्गा कृषिको लागि उपयुक्त रहेको सन्दर्भमा वर्षौ देखि शासक वर्ग देखि लिएर साना मजदुर र सर्वसाधारणहरुलाई हातमुखमा अन्नको अंशहरु पुगाउने गरिन्छ। तराईको भु-भाग धानखेती प्रमुख रुपमा मुख्य बालीको रुपमा मानिन्छ। त्यस्तै दोश्रो बालीको रुपमा गेहुँ खेतीलाई उपयुक्त आधारहरु तराईमा उत्पादन क्षमता प्रयाप्त देखिन्छ। दलहन, तेलहन लगायतका बालीहरु तराईका भु-भागमा उत्पादन भई नेपालको कुना कुनामा पुग्ने गरिन्छ।

आज सरकारले गर्व गरेर भन्छ, हाम्रो गोदामहरुमा प्रर्याप्त मात्रामा चामल, गेहुँ लगायतका अन्य बालीहरुको स्टोक रहेको सार्वजनिक गर्छ। पहाडका कोना, काप्चा देखि लिएर हिमालका चुचुरोसम्म अन्नको आस पुगाउने कृषकहरुको बेदना बुझ्ने कोही छैन। आज कोरोनाको प्रकोपले सम्पूर्ण विश्व नै संकटको भुमरीमा फसेका छन्। आर्थिक अवस्था पूर्ण रुपमा सखाप भईरहेका छन्। हाम्रो जस्तो आर्थिक तन्त्रमा सबल नभएका राष्ट्रहरुमा भोकमरीको सिर्जना हुने विज्ञहरुको अनुमान रहिरहेको छ। तर हाम्रो किसानहरु मरिमरिकन धर्तीलाई चिरी अन्न उत्पादन गरी नेपालको भोकमरी हुन नदिन प्रतिबद्ध रहेको छ। यस्तो अवस्थामा किसानहरुको समस्या बुझ्ने सरकारको प्रमुख दायित्व रहेको छ।

अहिलेको परिस्थितिमा भर्खरै संघीय सरकार तथा प्रदेश सरकारहरुले विनियोजित गरेको बजेटहरुको मध्येमा कृषि क्षेत्रलाई प्राथमिकताको साथ बजेटमा स्थान दिएका छन्। तर स्थान मात्र दिएका त्यसको कार्यान्वयन कहिले होला ? सही ढंगले पारदर्शी तरिकाबाट कृषक माझ सरकारी अनुदानहरु पुग्ने छ भने विश्वासको सार्थक चरित्रलाई सफल बनाउन सरकारी पक्षबाट के कस्ता नितीहरु अंगीकार गरिएको भन्ने स्पष्ट देखिदैन। कृषकहरुले कृषि ऋणको व्यवस्था सक्रियको साथमा पारदर्शी ढंगले हुनुपर्ने आवश्यक मलखाद तथा बिउ, बिजन लगायत सिचाईको व्यवस्था तदरुपताको साथ स्थानीय सरकार तथा प्रदेश सरकारबाट सरकारी स्तरमा नितिगत रुपमा कार्यान्वयन हुनुपर्ने अवस्था देखिन्छ।

अहिले तराईमा यस्ता जग्गाहरु पनि रहेका छन् भने जुन जग्गाहरुमा आवश्यक कृषि नीतिको अवधारणाहरु नपुगी त्यो जग्गाहरुमा उब्जाउको वातावरण सिर्जना भईरहेको छैन। माटोको परिक्षण गरी सिचाई मुहानहरुलाई मर्मत सम्भार गरी डिप बोर्डिङ्ग र बोर्डिङ्गहरुको सिचाई दिनको लागि सरकारबाट सहज र सरल ढंगबाट कृषकलाई उपलब्ध हुनुपर्ने नदी तटबन्धहरुलाई समय अनुसार बाँध बाँधी सिचाईको व्यवस्थालाई व्यवस्थापन गर्न द्रुत गतिमा संचालन गर्ने कृषकलाई टेक्टर खरिदको लागि अनुदान रकमको व्यवस्था हुनुपर्ने जस्ता सवालहरुले गर्दा कृषकहरुले राहत पाउने छ।

कृषि विकास बैंकमा तथा अन्य बैंकहरुमा धान खेती लगायत तरकारी खेतीको लागि अनेकौं किसिमको ऋणहरु लिई कृषकहरु चर्को ब्याज बुझाउने गरेको स्पष्ट देखिन्छ। त्यसैकारण कृषकहरुको कृषि खेतीको लागि लिएका ऋणहरुलाई ब्याज माफ गरी ऋण लिएका समामा पनि सरकारी अनुदानबाट राहत दिनुपर्ने अहिलेको अवस्था देखिन्छ। त्यस्तै जिल्ला कृषि कार्यालयहरु तथा प्रदेशमा रहेका कृषि निर्देशनालयहरु केन्द्रमा रहेका कृषि मन्त्रालय देखि कृषि क्षेत्र हेर्ने जुनसुकै निकायहरुलाई सक्रिय र तदरुकताका साथ कृषि क्षेत्रको लागि कार्य गर्न दिशा निर्देशन गर्नु सरकारको प्रमुख दायित्व रहेको छ। जिल्लामा रहेका कृषि कार्यालयहरुका कर्मचारीहरु, जेटिएहरु, कृषि प्राविधिकहरुलाई फिल्डमा खटाई कृषकको खेत खेतमा कृषकको लागि आवश्यक सुझाव र सल्लाहको अवस्था सिर्जना गर्नुपर्ने देखिन्छ।

खास गरी २ नं. प्रदेशका सरकारको मुख्य आधार कृषि माथि केन्द्रिकृत भई कृषि बजेटहरुलाई व्यवस्थापनतिर उन्मुख हुनुपर्ने अवस्था देखिन्छ। प्रदेशका मुख्य मन्त्री लालबाबु राउत तथा कृषि मन्त्री शैलेन्द्र साह पनि तराईको भु-भागबाट आफ्नो जिवनको राजनैतिक, सामाजिक तथा अन्य क्षेत्रहरुमा सक्रियता राख्दै आएको अवस्थामा कृषक परिवारबाट नै उनीहरुको जिवनको सुरुवात भएको कारणले अधिकांश कृषिका कथा, बेथाहरु र बेदनाहरु उनीहरु माझ लुकेको छुपेको अवस्था रहेको छैन। त्यसैकारण बजेटले निर्धारित गरिएका दश हजारसम्मको अनुदानलाई झन् बढाई प्रदेश सरकारले कृषकहरुलाई खाता खोली वहाँहरुको खाताहरुमा मलखाद तथा बिज बिजनको लागि अनुदान रकम कृषक समक्ष पठाउनको लागि पारदर्शी ढंगबाट कृषकलाई पहिचान गरी कृषि परिचय कार्डहरु बनाई कृषक माझसम्म रकमहरुको व्यवस्था गर्नुपर्ने अवस्था देखिन्छ। कृषकले भुमि करको रुपमा मालपोत बुझाउने गरेको तथा अन्य भुमिकरहरु बुझाउने गरेको कारणले गर्दा कृषकहरु निरुत्साहित भईरहेको अवस्थामा अहिले भुमिकरहरुलाई परिमार्जित गरी सहज र सरल रुपमा कृषकलाई मार्का नहुने गरी आर्थिक संकट कृषकलाई नपर्ने गरी प्रदेश सरकारले एउटा सबल निर्णयको अवस्थामा पुग्ने पर्ने देखिन्छ।

कृषकले उत्पादन गरेका कृषिजन्य पदार्थलाई बजारमा सहि मुल्यको लागि कृषि उत्पादन मुल्य निर्धारण समितिहरु गठन गरी कृषकले उत्पादन गरेका उत्पादित कृषि वस्तुहरु उचित मुल्य पाउनुपर्ने जसबाट कृषकहरुलाई प्रोत्साहन पाउने अवस्थाको सिर्जना गर्नुपर्ने कृषकले उत्पादन गरेको प्रमुख बाली धान र गहुँ जबसम्म किसानको घरमा रहने गरेको अवस्थामा धान र गहुँको मुल्य न्यून रहेको तर त्यही धान र गेहुँ व्यापारीको गोदाममा पुगेपछि मुल्यको वृद्धि हुने गरेको कारणले गर्दा पनि कृषकहरु मारमा परेका छन्। अहिले खुद्रा कृषक व्यापारीहरु साधारण गाउँघरमा धान किन्ने व्यापारीहरुसँग सस्तो मुल्यमा धान बेच्नुपर्ने अवस्थालाई मुल्यांकन गरी प्रदेश सरकारबाट ठाउँमा ठाउँमा धान खरिद गर्ने, गेहुँ खरिद गर्ने तरकारी डिपोरुको व्यवस्था मिलाउनुपर्ने देखिन्छ।

धर्तीपुत्र कृषक तथा किसानले मेहनत गरी हामीहरुको मुखमा अन्नको अंश पुऱ्याउने गरेकोले हामी एकचोटी त्यस्ता कृषकहरु कृषि बेदनालाई हेर्ने र बुझ्नेको अवस्था सिर्जना गरी सबै पक्षबाट अहिलेको परिस्थितिमा कृषि क्षेत्रलाई र धर्तीपुत्र किसानलाई प्रोत्साहनको स्थिति सिर्जना गरी सबै तर्फबाट आवश्यक सहयोगको वातावरण मिलाउनुपर्छ। त्यसमा सबभन्दा पहिले स्थानीय निकाय तथा स्थानीय जनप्रतिनिधिहरुको प्रमुख भुमिका रहने गरेकोले स्थानीय जनप्रतिनिधिहरुको सक्रियता कृषकको भावना, कृषकको पिडा, कृषकको मर्मसँग बुझ्नुपर्ने अवस्थाको सिर्जना गर्नुपर्छ।

# प्रहरीसहित तीनमा कोरोना पुष्टि, प्रहरीको सञ्चार कक्ष सिलबन्दी

भक्तपुर, ४ असार (रासस)।

भक्तपुरमा बुधबार एकैदिन एक प्रहरीसहित तीन जनामा कोरोना भाइरस सङ्क्रमण पुष्टि भएको छ। महानगरीय प्रहरी परिसर भक्तपुरका कार्यरत प्रहरी जवानमा कोरोना पुष्टि भएको हो। चाँगुनारायण नगरपालिका घर भई परिसरको सञ्चार कक्षमा कार्यरत ३२ वर्षीय प्रहरी जवानलाई कोरोना सङ्क्रमण पुष्टि भएपछि सञ्चार कक्ष सिल गरी यहाँ रहेका १२ प्रहरीलाई क्वारेन्टिनमा राखिएको परिसरका प्रमुख एवं प्रहरी उपरीक्षक सविन प्रधानले जानकारी दिनुभयो।

उहाँले भन्नुभयो, “सञ्चार कक्षलाई सिल गरेका छौँ, सो कक्षमा काम गर्ने १२ जनालाई विश्व स्वास्थ्य सङ्गठनको मापदण्डअनुसारको क्वारेन्टिनमा राखेका छौँ, परिसरका अन्य प्रहरीलाई उच्च सावधानीमा राखेका छौँ।” क्वारेन्टिनमा राखेकाको आज स्वाब सङ्कलन गरी पिसिआरका लागि पठाइने र सङ्क्रमितको परिवारको पनि स्वाब सङ्कलन गरिने भएको छ। प्रहरीलाई खोकी लागेपछि गत जेठ ३१ गते स्वाब सङ्कलन गरी पिसिआर गरिएकोमा बुधबार आएको रिपोर्टमा कोरोना सङ्क्रमण देखिएको हो।

त्यसैगरी भक्तपुर नगरपालिका-६ गोल्मढीका २२ वर्षीय पुरुषलाई पनि कोरोना सङ्क्रमण पुष्टि भएको छ। पिसिआरको नतिजामा ती पुरुषलाई सङ्क्रमण पुष्टि भएपछि पुरुषको सम्पर्कमा रहेकाको पहिचान गर्ने, उनी बस्ने घर र आसपासको क्षेत्र सिल गर्ने र सम्पर्कमा रहेकाको पिसिआर परीक्षण गर्ने तयारी गरिएको उहाँले जानकारी दिनुभयो।

त्यस्तै गत जेठ ३० गते कुबेत सरकारको आममाफीमा सहभागी भएर कुबेतबाट फर्किएर खरीपाटीस्थित क्वारेन्टिनमा राखिएकी नवलपरासी गैंडाकोटकी २२ वर्षीया युवतीलाई पनि कोरोना सङ्क्रमण पुष्टि भएको छ। स्वदेश फर्किएर विमानस्थलमा ज्वरो देखिएपछि विमानमा रहेका सबैलाई खरीपाटीस्थित क्वारेन्टिनमा राखिएको र थप लक्षण देखिएपछि भक्तपुर अस्पतालको आइसोलेसनमा राखिएको प्रहरी उपरीक्षक प्रधानले जानकारी दिनुभयो। कोरोना सङ्क्रमण पुष्टि भएपछि तीन जनालाई नै बुधबार शुक्रराज ट्रपिकल तथा सरुवा रोग अस्पताल टेकुमा उपचारका लागि पठाइएको उहाँले जानकारी दिनुभयो।

# कालापानीबाट सैनिक फर्काउन भारतसँग माग

काठमाडौं, ४ असार (रासस)।

राजनीतिक रूपमा विभिन्न दल तथा विचारमा आबद्ध दल राष्ट्रियता, सार्वभौमसत्ता र अखण्डताका पक्षमा भने एकै स्थानमा उभिएका छन्। राष्ट्रियसभाको बिहीबारको बैठकमा प्रतिनिधिसभाबाट सन्देशसहित प्राप्त 'नेपालको संविधान (दोस्रो संशोधन) विधेयक, २०७७' माथिको दफावार छलफलमा भाग लिँदै सांसदले दलीय स्वार्थमाथि उठेर राष्ट्रियता एवम् सार्वभौमसत्ताको पक्षमा एकै स्थानमा उभिएर नेपाली एक मत छन् भन्ने सन्देश दिएका हुन्।

सरकारले सार्थक वार्ताका माध्यमबाट भारतसँग कूटनीतिक एवम् राजनीतिक पहल गरेर नेपालको भूभागमा राखिएको भारतीय सेनाको क्याम्प हटाउनेतर्फ लाग्नुपर्ने सांसदको भनाइ छ। भारतले एकलौटी रूपमा नेपालको कालापानी, लिम्पियाधुरा र लिपुलेकलगायत भूमिमा सडक निर्माण गरेर उद्घाटनसमेत गरेपछि सरकारले संविधान संशोधनको प्रक्रिया अगाडि बढाएको थियो। सोही आधारमा प्रतिनिधिसभाको गत जेठ ३१ गतेको बैठकले सो विधेयकलाई दुई तिहाइ बहुमतले पारित गरेको थियो।

राष्ट्रियसभाको आजको बैठकमा नेपाल कम्युनिष्ट पार्टी (नेकपा)का नेता दीनानाथ शर्माले राष्ट्रिय स्वाधीनतामा नेपाली जनता एक ठाउँमा छन् भन्ने सन्देश दिइएको बताउनुभयो। राष्ट्रियता र प्रजातन्त्र तथा लोकतन्त्र र गणतन्त्रका लागि नेपालीले लामो लडाइँ लडेको जनाउँदै उहाँले सबै दलबीचको एकताबाट नै परिवर्तन सम्भव भएको बताउनुभयो।

नेपालले भारतलाई सधैँ असल मित्रका रूपमा हेररिहेको बताउँदै उहाँले भन्नुभयो, "मित्रता बजारमा किनेर पाइँदैन, मित्रता भनेको आस्था र विश्वास हो, भारतले नेपाललाई असल मित्र मान्ने हो भने तत्कालीन इष्ट इण्डिया कम्पनीले आक्रमण गरेर लगेको पूर्वी टिष्टा र पश्चिम काँगडासम्म भारतले फिर्ता गर्नुपर्ने हुन्छ।"

उहाँले छिटोभन्दा छिटो कालापानीबाट आफ्नो सेना फर्काउन तथा लिपुलेक र लिम्पियाधुरासहितको जमीन फिर्ता गर्न भारतसँग आग्रह गर्नुभयो। नेपाल-भारत सीमा विवादलाई कूटनीतिक माध्यमबाट टुङ्ग्याउनुपर्ने भनी नेपालले स्पष्ट अडान राखेको जनाउँदै उहाँले विवाद समाधान हुन नसकेमा अन्तरराष्ट्रिय समुदायसमक्ष कुरा राख्नुपर्ने बताउनुभयो। राष्ट्रिय हितका विषयमा सत्तापक्ष र प्रतिपक्ष एक ठाउँमा भएको बताउँदै उहाँले सहमति र सहकार्यका आधारमा नै राष्ट्रिय सङ्कट समाधान गर्नुपर्नेमा जोड दिनुभयो।

**भोगचलनका आधारमा भारतको हुनै सक्दैन :अधिकारी**

राष्ट्रियसभामा प्रमुख प्रतिपक्षी दलका नेता राधेश्याम अधिकारीले १८१६ को सुगौली सन्धिअनुसार नेपाल-भारतबीचको सीमा छुटिटएको र महाकालीपूर्वका क्षेत्र नेपाली भूभाग भएकाले कालापानी, लिम्पियाधुरा र लिपुलेक क्षेत्र स्वतः नेपालको भएको बताउनुभयो।

तत्कालीन राजा महेन्द्रले २०१७ सालमा कु गरी राजनीतिक दलमाथि प्रतिबन्ध लगाएको र पछि आफ्नो सत्ता जोगाउन कालापानीलगायत क्षेत्रमा भारतीय सैनिक राख्न अनुमति दिएको विचार व्यक्त गर्दै उहाँले भोगचलन तथा नक्शा जारी गरेकै भरमा सो क्षेत्र भारतको हुनै नसक्ने स्पष्ट पार्नुभयो।

वार्ता र संवादका आधारमै भूमि फिर्ता ल्याउनुपर्नेमा जोड दिँदै उहाँले कालापानीबाट भारतीय सेना फर्काउने र नेपाली क्षेत्रमा नेपाली प्रशासनको उपस्थिति गराउनु अहिलेको आवश्यकता भएको बताउनुभयो। "भारतसँगको वार्ताका क्रममा संयमता अपनाउनु जरुरी छ, असंयमित भाषा र टिप्पणी गर्नु नेपालीको स्वभाव होइन, कालापानी विवादलाई स्थानीयकरण गर्नुपर्छ", उहाँले भन्नुभयो।

राष्ट्रिय जनता पार्टीका शेखरकुमार सिंहले तराई क्षेत्रमा बस्ने नेपाली नेपालको सीमा रक्षाका लागि अग्रपङ्क्तिमा लड्ने सिपाही भएको जनाउँदै सबै नेपालीको विश्वास लिएर सीमा समस्या समाधानका लागि सरकार अगाडि बढ्ने विश्वास व्यक्त गर्नुभयो। "राष्ट्रिय मुद्दामा प्रधानमन्त्रीले सबै दलको विश्वास लिनुभएको छ", उहाँले भन्नुभयो, "प्रधानमन्त्रीले आफ्नै कार्यकालमा अतिक्रमित भूमि फिर्ता ल्याएर सफलता हासिल गर्नुहुन्छ।"

उहाँले मधेशी जनतामाथि अविश्वास नगर्न आग्रह गर्दै राष्ट्रियताका पक्षमा सरकारलाई तिनको दह्रो साथ र सहयोग रहने बताउनुभयो। समाजवादी पार्टीकी प्रमिला कुमारीले अतिक्रमित भूमि समेटेर नयाँ नक्शा जारी गरेकामा सरकारको समर्थन गर्दै कूटनीतिक संवाद गरेर भूमि फिर्ता ल्याउन सुझाव दिनुभयो।

# लकडाउनको नाउँमा बन्धक बनाउनु अनुपयुक्त



**कौशल कुमार सिंह**

अहिले कोरोना महामारीको संक्रमण र लकडाउनको मारले संसार तबाह र बर्बाद भईरहेको छ। कोरोना महामारीबाट बच्न विकल्पमा लकडाउन रोजियो। जुन चाइनिज मोडेल हो। चाइनाबाट शुरू भएको कोरोना संक्रमण र लकडाउन पद्धतिका कारण अहिले विश्व मानवीय र आर्थिक रूपमा ध्वस्त भईसकेका छन्।

शुरूमा चाईनामा फैलिएको कोरोना संक्रमण महामारीको रूप लिएपछि चाईनाले नै सर्वप्रथम लकडाउन मोडेलको विकास गरे। तर चीनले गरेको लकडाउनको तरिका र व्यवस्था जसरी थियो, लकडाउनका जुन(जुन शर्त थियो। त्यसलाई अवलम्बन गर्ने गरि लकडाउन गरेका देशहरूले लकडाउनबाट फाईदा लिएका छन्।

तर हामीले चाईनाले विकास गरेको लकडाउनको मोडललाई अपनाए र सरकारले लकडाउनको घोषणा गरि पालना गराउन सुरक्षा निकाय पनि परिचालन गरे। तर लकडाउनको अवधिभर चीन सरकार जनताप्रति जुन राजकीय जिम्मेवारी वहन गरेका थिए, त्यसको १०५ जिम्मेवारी पनि हाम्रो सरकारले वहन गर्न सकेन्।

चीनमा सरकारले लकडाउनको अवधिभर प्रत्येक घरलाई चाहिने खाद्यान्न र घरमा बसेर आवश्यक खर्च हुने सबै सामग्रीको सुरक्षित र किटानुरहित व्यवस्था गरेका थिए। कसैलाई कुनै किसिमको उपचारको आवश्यकता पर्दा घरबाट चिकित्सकले अस्पताल लगि उपचारको व्यवस्था गर्थे। भनाईको अर्थ, व्यक्तिलाई सबै आवश्यकता सरकारले घरमा नै पुर्ति गरेका थिए। अनि व्यक्तिलाई घर बाहिर निस्कनु पर्ने आवश्यकता नै भएन र सरकारी आह्वानलाई त्यहाँका जनताले पुर्ण रूपेन पालना गरे।

हामी लगायतका केही देशहरूमा भएको लकडाउन नामको मात्र भयो। सरकारले लकडाउनको घोषणा त गरे तर लकडाउन सफल बनाउन सरकारले वहन गर्नुपर्ने जिम्मेवारी वहन गर्न सकेन। व्यक्तिको आफ्नो आवश्यकता पूरा गर्न घर बाहिर निस्कनु पर्नेभयो। सुरक्षा निकायले जतिसुकै बल प्रयोग गरे पनि व्यक्ति आफ्नो दैनिक आवश्यकता पुर्तिका लागि बजार र बैंकसम्म पुगे।

जहाँ संक्रमणको आशंका थियो। व्यक्तिले प्रयोग गर्ने एटीएम, खरिद गर्ने किराना सामान, तरकारी जस्ता आवश्यक सामग्री कति सुरक्षित रहेको वास्ता समेत गरेन्। आवश्यकताका लागि खरिद गरिएका सामग्री कति जनाले छोएको, कति ठाउँबाट कसरी ढुवानी भएको हरूरो, त्यसमा कोरोना भाईरसको संक्रमण छ वा छैन, त्यसबारे अनभिज्ञ नै रहे।

पसलमा उपलब्ध किराना लगायतका सामग्री र तरकारीलाई सयौं व्यक्तिले छोएको हुन्छ भने हामीले प्रयोग गर्ने कागजको नरूरूोट कसरी र कहाँकहाँ हुँदै आएको छ, त्यसलाई कसरी सुरक्षित मान्ने भने प्रश्न हुदाँहुदैं पनि खरिद गर्न र प्रयोग गर्न बाध्य भए। बजारमा सामान किन्न जादाँ भीडभाड त्यतिनै हुन्थ्यो भने लकडाउनमा सरकारले बाडेको राहत सामग्री पनि कति सुरक्षित हो भन्न सकिन्न। त्यसमा पनि राहत लिनेको भीड र राहतमा भएको विवादले सामान्य अवस्था जस्तै चर्काचर्की, भीडभाड र नारा जुलुस भयो।

हामी जति सुकै लकडाउनको कुरा गरे पनि हामी लकडाउनको शर्त स्वीकार गर्न सकेनौं। यस्तरूो अवस्थामा हामी लकडनउनमा छौं, कसरी भने ? लकडाउनबाट फाईदा लिन लकडाउनको शर्त स्वीकार गर्नु पर्दछ। शुरूमा सरकारले लकडाउन जारी गर्दा सबैले त्यसलाई सकारात्मक रूपमा लिए। तर व्यक्तिको आवश्यकता पुर्तितर्फ सरकारले कुनै ध्यान नदिदाँ व्यक्ति बाहिरिन बाध्य भए र व्यक्तिले लकडाउनकरूो शर्त उलंघन गरे।

अब अवस्था यतिसम्म भएको छ कि जनता लकडाउनबाट पिडीत भएका छन्। केही हुनेखाने वाहेक अन्य सबैको दैनिकी कष्टकर बनेको छ भने जनता लकडाउनको विरोधमा उत्रिन बाध्य बनेका छन्।

चीनमा लकडाउन गर्दा संक्रमण घटेको थियरूो भने हामी कहाँ यति लामो समयसम्म लकडाउन गर्दा भने संक्रमण झन बढेको छ। त्यसले के संकेत गर्छ कि हामीले लकडाउन सफल गर्न सकेनौं। लकडाउन हाम्ररूो हितमा भएन। लकडाउनले हामीले संक्रमण रोक्न सकेनौं तर लकडाउनले हाम्रो आर्थिक कमर भाँचि दियो। लकडाउनले हामीलाई दोहरो घाटा पुर्यायो। एकातर्फ हाम्रो संक्रमणलाई रोक्न सकेन् र अर्कोतर्फ हाम्रो आर्थिक रीढ भाँचि दियो।

त्यसैले मैले शुरूदेखि नै भन्दै आईरहेका छौं कि लकडाउनको विकल्प खोजौं। हामी लकडाउनलाई सफल बनाउन हैसियतमा छैनौं। हाम्रो हैसियत अनुसार अर्को विकल्पतर्फ सोच्नुपर्ने हुन्छ। हामी कसरी बच्ने भने उपायको खोजी स्वास्थ्य र आर्थिक विज्ञ, विश्लेषकहरूसँग गर्नुपर्छ।

तर यहाँ सरकारको जयजयकार गर्ने चाकर विज्ञ र विश्लेषकको मात्र कुरा सुन्दा सरकार कोरोनाको मामिलामा असफल भएको छ। तर पनि सरकार निर्लज्ज भई आफ्नो कुरालाई अगाडि बढाईरहेका छन्। करूोररूरूोनाकरूो क्षेत्रमा दिनरात फ्रन्टमा बसेर काम गर्ने डा. रञ्जु झाको टीमलाई त्यही चाकर विज्ञको सल्लाहमा स्पष्टीकरण सरूोध्ने काम भएको छ।

सरकारले हामीलाई लकडाउनमा राख्न सकेन र हामी बाहिरियौं। अब हामी बाहिरी सकेको हुनाले हामीलाई लकडाउनको नाममा बन्धक बनाउनु जीवनसंग नै खेलवाड गर्ने सरह हुन्छ। हामी लकडाउनमा सचेत हुन र सुरक्षित बस्न सिक्यौं।

अब लकडाउनलाई हटाई हामी सुरक्षित आफ्नो कारोवार कसरी गर्ने भन्नेतर्फ सरकारले सोच्नुपर्ने अनिवार्य बनेको छ। सरकार अब पनि लकडाउनको विकल्प दिएन भने जनता मार्ने कार्य मात्र साबित हुनेछ। अनि जनता सोच्न बाध्य हुन्छन्, 'मरता क्या न करता'! (लेखक, लोक दलका अध्यक्ष हुन्) (*मधेश दर्पण फिचर सेवा*)

## विश्व समाचार

### कोरोना भाइरसबाट विश्वमा ४ लाख ५१ हजार भन्दा बढीको मृत्यु र ८४ लाख भन्दा बढी संक्रमित

जेनेभा स्वीट्जरल्याण्ड, ४ असार (रासस/एएफपी)।

कोरोना भाइरस (कोभिड १९) बाट विश्वभर मृत्यु हुने व्यक्तिको संख्या ४ लाख ५१ हजार ४३९ पुगेको छ। साथै यस संक्रमणबाट विश्वभर ८४ लाख ७ हजार ३७३ जना संक्रमित भएका विश्व स्वास्थ्य संगठन (डब्लुएचओ) द्वारा आफ्नो दैनिक प्रेस विज्ञप्तिमा जानकारी दिइएको छ। नेपाली समयानुसार बिहीबारसम्म प्राप्त समाचारअनुसार कोरोना भाइरसका कारण बिरामी भएका ४४ लाख १७ हजार ५०९ जना निको भएका छन्। हाल विश्वभरमा कोरोना भाइरस संक्रमित करिब ३५ लाख ३८ हजार ४२५ व्यक्ति उपचाररत रहेका छन्। संक्रमितहरूमा ५४ हजार ४५० जनाको अवस्था गम्भीर रहेको जनाइएको छ। चीनको हुबे प्रान्तको वुहान शहरबाट गत वर्षको डिसेम्बरको अन्त्यबाट शुरु भएको कोरोना भाइरस संक्रमणको कारण अमेरिका सबैभन्दा बढी प्रभावित भएको छ। डब्लुएचओकाअनुसार संयुक्त राज्य अमेरिकामा मात्र २२ लाख ३४ हजार ४७५ जनामा कोरोना भाइरसका संक्रमित रहेका छन्।

यस प्रकोपका कारण अमेरिकामा १ लाख १९ हजार ९४१ व्यक्तिको मृत्यु भइसकेको बताइएको छ। दक्षिण अमेरिकामा १५ लाख ५४ हजार ९८१ जना कोरोना भाइरस संक्रमति रहेका छन्। यहाँ ६५ हजार ८८ जनाको मृत्यु भएको छ। उत्तर अमेरिकामा २५ लाख ७९ हजार २१७ जना कोरोना भाइरस संक्रमति रहेका छन्। यहाँ १ लाख ४९ हजार ५७५ जनाको मृत्यु भएको छ। युरोपमा २२ लाख ५२ हजार ४११ जना कोरोना भाइरस संक्रमित रहेका छन् भने १ लाख ८४ हजार ६५९ को मृत्यु भएको छ। एसियामा १७ लाख ४० हजार ३७८ जनामा कोरोना भाइरस संक्रमण रहेको छ भने, ४४ हजार ७३० जनाको मृत्यु भएको छ। अफ्रिकामा २ लाख ७० हजार ६६० जनामा कोरोना भाइरस संक्रमण रहेको छ भने ७ हजार २४९ जनाको मृत्यु भएको छ। ओसियानामा ८ हजार ५ जनामा कोरोना भाइरस संक्रमण रहेको छ भने १२४ जनाको मृत्यु भएको छ।

### कोरोना भाइरसबाट भारतमा एकैदिनमा १२ हजार ८८१ संक्रमित

नयाँदिल्ली, ४ असार (रासस/एएनआई)।

भारतमा २४ घण्टाभित्र कोरोनाभाइरसबाट १२ हजार ८८१ जना संक्रमित भएका छन्। भारतमा कुल संक्रमितको संख्या ३ लाख ६६ हजार ९४६ पुगेको अधिकारीहरूले बिहीबार जानकारी दिएका छन्। स्वास्थ्य अधिकारीहरूका अनुसार भारतमा अहिले पनि १ लाख ६० हजार ३८४ जना संक्रमित अवस्थामै रहेका छन् भने अरु १ लाख ९४ हजार ३२५ जना संक्रमणमुक्त भएका छन्। भारतका स्वास्थ्य अधिकारीहरूले बिहीबार बिहान दिएको जानकारीअनुसार पछिल्लो २४ घण्टामा कोरोनाभाइरसका कारण मृत्यु भएकाहरूको संख्या ३३४ रहेको छ। योसँगै भारतमा अहिलेसम्म कोरोनाभाइरसका कारण मृत्यु भएकाहरूको कुल संख्या १२ हजार २३७ पुगेको छ। भारतमा प्रदेशअनुसार हेर्दा सबैभन्दा धेरै संक्रमित महाराष्ट्र प्रदेशमा रहेका छन्। यस प्रदेशमा अहिलेसम्म १ लाख १६ हजार ७५२ जना सङ्क्रमित भएको अधिकारीहरूले जनाएका छन्। ती मध्ये कुल ५१ हजार ९३५ जना अझै पनि संक्रमित अवस्थामै रहेका छन् भने अरु ५९ हजार १६६ जना संक्रमणमुक्त भइसकेका छन्। त्यसैगरी दोस्रो धेरै संक्रमित रहेको तमिलनाडु प्रदेशमा ५० हजार १९३ जना रहेका छन्। राजधानी रहेको दिल्ली प्रदेशमा ४७ हजार १०२ जना सङ्क्रमित भएका छन्।

### राष्ट्रपतिमा पुनः जिताउन ट्रम्पले चीनको सहयोग मागेको बोल्टनको दाबी

वासिङ्टन, ४ असार (रासस-एएफपी)।

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले सन् २०२० को राष्ट्रपतीय निर्वाचनमा आफूलाई सघाउन चिनियाँ राष्ट्रपति सी जिनपिङको सहयोग मागेको ट्रम्पका पूर्व राष्ट्रिय सुरक्षा सल्लाहकार जोन बोल्टनले आरोप लगाउनु भएको छ। बोल्टनले आफूले प्रकाशन गर्न लागेको संस्मरणात्मक पुस्तकमा ह्वाइट हाउसमा राष्ट्रपति ट्रम्पसँग भएका अन्तरंग कुराकानी र विमती समेतका विविध गतिविधिका बारेमा लेखिएको छ। उक्त पुस्तकको केही अंश अमेरिकी अखबारहरूमा प्रकाशन भएका छन्। पुस्तकमा राष्ट्रपति ट्रम्पले अमेरिकी विदेश नीतिलाई सन् २०२० को राष्ट्रपतीय चुनावमा आफू विजयी हुनेतर्फ लक्षित गर्नु भएको जिकिर गरिएको छ।

अमेरिकी अखबार दी वासिङ्टन पोस्ट, न्यूयोर्क टाइम्स र वालस्ट्रिट जर्नलमा प्रकाशित पुस्तकको अंशमा बोल्टनले चिनियाँ मानव अधिकार दुर्व्यवहारका घटनालाई ट्रम्पले पटकपटक बेवास्ता गर्नु भएको आरोप लगाउनु भएको छ। बोल्टनले भन्नुभएको छ, "मेरो ह्वाइट हाउसको कार्यकालको अवधिमा ट्रम्पका निर्णय प्रक्रियाहरू सन् २०२० को राष्ट्रपतीय निर्वाचनमा बढी केन्द्रित हुने गरेका थिए, र त्यसका लागि ममाथि दबाव थियो।" गत डिसेम्बरमा राष्ट्रपति ट्रम्पमाथि डेमोक्र्याटिक पार्टीका तर्फबाट राष्ट्रपतिका सम्भावित उम्मेदवार जो बाइडेनमाथि युक्रेनको सहयोग लिएर हिलो छ्याप्ने खोजेको भन्दै अमेरिकी संसदमा महाभियोग समेत दर्ता भएको थियो।

गत जुनमा चिनियाँ राष्ट्रपति सीसँगको एउटा महत्वपूर्ण बैठकमा ट्रम्पले चीन-अमेरिका आर्थिक साझेदारीको विषयमा आफ्नो निर्वाचनले धेरै फरक पार्ने भन्दै चुनावमा सीको समर्थन लिन खोज्नु भएको बोल्टनले दाबी गर्नु भएको छ। बोल्टनले राष्ट्रपति ट्रम्पले अमेरिकी किसानको औचित्य र महत्वमाथि जोड दिँदै चीनबाट सोयाबिन र गहुँको खरिदले अमेरिकी मतदातामा सकारात्मक असर पार्ने सोच्नु भएको बताउनुभयो। बोल्टनले भन्नुभएको छ, "म ट्रम्पका हरेक शब्द छाप्न सक्थें तर सरकारको पूर्व प्रकाशन पुनरावलोकन प्रक्रियाले मलाई सम्पूर्ण कुरा बाहिर ल्याउन कठिन बनाएको छ।" ट्रम्प प्रशासनका तर्फबाट अमेरिकी न्याय विभागले बोल्टनको पुस्तकको तत्काल प्रकाशन रोक्ने उद्देश्यले अदालतमा मुद्दा दायर गरेको छ। विभागले बोल्टनको पुस्तक अमेरिकी सुरक्षामा खतरा उत्पन्न गर्न सक्ने दाबी गरेको छ।

# हरियाली प्रवर्द्धन र वन क्षेत्र बिस्तारका लागि ५० हजार बिरुवा निशुल्क बितरण



**दैनिक समाचारदाता**
**राजविराज, ४ असार ।**

डिभिजन वन कार्यालय सप्तरीले हरियाली प्रवर्द्धन र वन क्षेत्र बिस्तारका लागि नेपाल सरकारको राष्ट्रिय वृक्षारोपण अभियानमा सघाउँन विभिन्न जातका ५० हजार बिरुवा निशुल्क बितरण कार्यक्रम संचालनमा ल्याएको छ ।

विभिन्न फलफुलका ५० हजार बिरुवा निशुल्क बितरण गर्ने लक्ष्य लिएर सोमबारदेखी सुरु गरिएको कार्यक्रम अन्तरगत बिहीबारसम्म ४१ हजार ५ सय बिरुवा बितरण गरिसकिएको डिभिजन वन कार्यालयले जनाएको छ ।

यसरी बितरण भइरहेको बिरुवाहरुमा आँप, लिच्चि, कागती, महगनी, टिक, खयर, धुपी जस्ता ३२ थरिका बिरुवा रहेको डिभिजन वन कार्यालय सप्तरीका प्रमुख सन्तोष कुमार झाले जानकारी दिएका छन् । राजविराजका साथै जिल्लाको कंचनपुर, महुली, रुपनी, कल्याणपुर र दौलतपुरस्थित सवडिभिजन कार्यालय मार्फत पनि सामाजिक दुरी कायम गराउँदै निशुल्क बिरुवा बितरण कार्य भइरहेको उनले बताए ।

यसका अतिरिक्त कदमाह, सितापुर, तिलाठी, पत्थरगाढा लगायतका स्थानमा रहेका नर्सरीबाट समेत इच्छुक कृषकलाई बिरुवा निशुल्क उपलब्ध गराउन थालिएको उनको भनाई छ ।

वन क्षेत्र निकै कम रहेको जिल्लामा वन क्षेत्र विकास र बिस्तारका लागि वन अतिक्रमण नियन्त्रण, बृक्षारोपन, जिपिकोपार्जनका लागि बैकल्पिक कार्यक्रम र सामाजिक सशक्तिकरण लगायतका कार्यक्रम प्राभमिक्ताका साथ अघि बढाइएको रेन्जर लक्ष्मण साफीले बताए ।

# जनगणनाको कार्यतालिका स्वीकृत

काठमाडौँ, ४ असार (रासस) ।

राष्ट्रिय जनगणना निर्देशक समितिले राष्ट्रिय जनगणना २०७८ को कार्यतालिका स्वीकृत गरेको छ ।

राष्ट्रिय योजना आयोगका उपाध्यक्ष प्रा डा पुष्पराज कँडेलको अध्यक्षतामा बिहीबार बसेको बैठकले उक्त कार्यतालिका स्वीकृत गरेको हो ।

साथै उक्त बैठकमा राष्ट्रिय जनगणना २०७८ लगायत जनगणनाका सबै विवरण रहने गरी विभागको सव डोमेनमा स्थायी वेबसाइटको रूपमा रहने गरी अभलकगकलभउबाअिदकानयखालउ को राष्ट्रिय योजना आयोगका सदस्य डा रामकुमार फुँयालले सार्वजनिक गर्नुभयो ।

कार्यतालिकाअनुसार यही असार १५ गतेदेखि जनगणनाको प्रश्नावली तयारी थालेर स्थानीय तहअनुसार जनगणनाको तालिम, तथ्याङ्क प्रशोधन केन्द्रको तयारी, ‘अनलाइन’ मार्फत गणक तथा सुपरीवेक्षकको आवेदन, उनीहरूलाई तालिम, जिल्लामा जनगणनाको सामग्री जिल्ला-जिल्ला पठाउने जनगणनाका प्रदेश तथा जिल्ला जनगणना कार्यालय स्थापना, प्रारम्भिक तथा अन्तिम नतिजा र २०८० वैशाखभित्र विषयगत प्रतिवेदन सार्वजजिनक गर्ने लक्ष्य रहेको छ ।

### नेपालमा ७ हजार ...

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयकाअनुसार काठमाडौं उपत्यकामा ६ जना संक्रमित थपिएका छन् ।

यता सप्तरीमा भने बिहीबार साँझ सम्म एक जनामा पनि कोरोना संक्रमण फेला नपरेको जिल्ला स्वास्थ्य कार्यालय सप्तरीले जनाएको छ ।

# वडा अध्यक्षले अनियमितता गरेको भन्दै भण्डाफोर

**दैनिक समाचारदाता**
**राजविराज, ४ असार ।**

सप्तरीको तिरहुत गाउँपालिका वडा नम्बर २ का स्थानियहरुले वडा अध्यक्ष जय प्रकाश यादवले अनियमितता गरेको भन्दै आरोप लगाउँदै भण्डाफोर गरेका छन् ।

मैनाकडेरीस्थित सम्बन्धित वडा कार्यालय प्राङ्गणमा बुधबार आयोजित भेलामा सहभागि बुद्धिजिवी, नागरिक समाज, युवा, महिला एवम् निर्वाचित वडा सदस्यहरु समेतले अध्यक्ष यादवले सम्पूर्ण विकासीय कार्यक्रमका बजेट रकम दुरुपयोग गरेको आरोप लगाएका छन् ।

अध्यक्ष यादवले निर्वाचित भएदेखि आजसम्म आफ्ना वडामा सन्तोषजनक काम नगरेको समाजसेवी तथा पूर्व प्रधानाध्यापक भरत प्रसाद यादवले आरोप लगाए ।

यादवले विनियोजित बजेट र भए गरेका खर्चको सम्पूर्ण विवरण जनता समक्ष सार्वजनिक नगर्ने, नागरिक समाजलाई गुमराहा बनाई सूचनाको हकबाट बञ्चित बनाउँदै आएको बताए । शिक्षा स्वास्थ्य र कृषि लगायतमा भन्दा मठमन्दिरमा बजेट केन्द्रित गरित जनता प्रति संवेदनशिल बन्न नचाहने यस्ता जनप्रतिनिधिबाट अन्याय अत्याचारको पराकाष्ट माथि बुई चडेर विकासका नाममा कलङ्क बनिरहदा पनि यसको छानबिन नभएकोमा समाजसेवी यादवले आपत्ती जनाए ।

वडा अध्यक्ष यादवले कोभिड १९ को संक्रमणमा भएको लकडाउनमा नेपाल सरकारद्वारा वितरण गरिएको राहतमा समेत भ्रष्टाचार गरेका आरोप लगाउँदै दैनिक ज्यालादारी, विपन्न दलित, गरिब, सुकुम्बासीलाई राहत प्याकेजको व्यवस्था मिलाएको भए पनि वडामा यस्ताले भन्दा सम्पन्न वर्गलाई नै राहत दिइएको आरोप लगाइएको छ ।

वडा कार्यालयमा बैठकको आयोजना गरेर कार्यालयमै उपस्थित नभएका अध्यक्ष यादवले वडाका भद्रभलादमी, बुद्धिजिवी, युवा तथा महिला लगायतका ठूलो संख्यालाई देखेर बैठक नै स्थगित गरेर भागेपछि वडाबासीहरु आक्रोसित बनेका थिए ।

वडा सदस्य राजेन्द्र प्रसाद मरिक यादवको अध्यक्षतामा सम्पन्न भण्डाफोर कार्यक्रममा समाजसेवी महानन्द झा, कुलानन्द झा, पूर्व इन्जिनियर योगेन्द्र मिश्र, प्रोफेसर त्रिभूवन यादव, डाक्टर देवलाल खंग लगायतले वडा अध्यक्षको कर्तुतले स्थानिय जनता मर्माहित भएको र यस्ता गतिविधिलाई सहेर बसने हो भने यहाँको विकास ओझेलमा पर्ने भन्दै चिन्ता व्यक्त गरेका थिए ।

### थप एक लाख ...

तर, आर्थिक अवस्था जर्जर बनेका कारण रकमको जोहे हुन न सक्दा सासु मिना र उनका आफन्तको योजनामा बहिनीको हत्या नै भएको हो, उनले दावी गरे ।

मृतकका भाई मोहिदले घट्ना भईसकेपछि शवलाई हतार-हतारमा अस्पताल लगिनु र अस्पताल पुग्दा शरिरका विभिन्न भागमा शंकास्पद दागहरु देखिनु आत्महत्या नभएर हत्याको संकेत भएको बताए ।

जिल्ला प्रहरी कार्यालय सप्तरीका डिएसपी तिलक भारतीले नविला मृत्यु प्रकरण सम्बन्धमा प्रहरीले विभिन्न कोणबाट गहिरो अनुसन्धान गरिरहेको बताउँदै पोष्टमार्टम रिर्पोट नआएसम्म हत्या वा आत्महत्या यकिन गर्न नसकिने जानकारी दिए ।

घट्नाको भोली पल्ट नविलाको शव घरानस्थित विपी कोईराला स्वास्थ्य विज्ञान प्रतिष्ठानमा पोष्टमार्टम गरिसकिएको छ । तर, विहीवारसम्म पोष्टमार्टम रिर्पोट आएको छैन ।

नविला आफ्नी १५ महिनाकी छोरीसंगै ४८ वर्षिया सासु मिना खातुनको साथमा कल्याणपुरस्थित घरमा बस्दै आएकी थिईन । यता मृतकका पति मो.नवाव विगत ८ महिनादेखी रोजगारीका सिलसिलामा कतारमा छन् भने ससुरा एयुव जफर मलेशियामा छन् ।




देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् ।
हाम्रो सेवाहरु
नेपाल सहकारी संस्था लि.
राजविराज ४, फोन नं. ०३१-५२१०९६
ipay remit
CITY EXPRESS MONEY TRANSFER
Money Transfer Made Easy
Best Remit Quick & Easy
prabhu Money Transfer
प्रभुको इच्छा
रकम पठाउन तथा पाउनका लागि भरपर्दो माध्यम
IME International Money Express
himal remit हिमालरेमिट
HBL Himalayan Bank Ltd
BATAS
CG Money CHAUDHARY GROUP

**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल** : rajbirajdainik@gmail.com, **वेवसाइट** : rajbirajdainik.com.np